# सिद्धार्थ गौतम बुद्ध क्याम्पस

## बुटवल- ५, रुपन्देही

करार नं. HERP/UGC/SGBC/SQ - 02

प्रथम पटक प्रकाशित मिति :२०७५/०३/०१

१.सिद्धार्थ गौतमबुद्ध क्याम्पस को लागि क्याम्पस परिशर भित्र प्रसोधित खानेपानी मेसिन (Cold and Normal) खरिद तथा जडान गर्न आवश्यक भएकाले नेपाल सरकारबाट संम्बन्धित बस्तु वा सेवा सप्लाई गर्न इजाजत प्राप्त फर्म वा कम्पनीबाट निम्न शर्तको अधिनमा रही रीतपूर्वको दरभाउपत्र आव्हान गरिन्छ।

२.इच्छुक तथा इजाजत प्राप्त सप्लायरले सिलबन्दी दरभाउपत्र फाराम तथा यस सम्वन्धीत थप जानकारी निम्न कार्यालय बाट प्राप्त गर्न सकिन्छ।

सिद्धार्थ गौतम बुद्ध क्याम्पस बुटवल, रुपन्देही

फोन : ०७१-५४१३०१, e–mail - info.sgbc.edu.np

३.दरभाउपत्र सम्वन्धी कागजात २०७५ असार ०१ गते देखि कार्यालय खुलेको दिन कार्यालय समय भित्र चालु आ.ब.को लागि नवीकरण भएको इजाजतपत्र, आयकरले स्थायी लेखा प्रमाणपत्र, आ.व. २०७३/०७४ को करचुक्ता प्रमाण-पत्र मु.अ.कर दर्ता भएको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि संलग्न राखि निवेदन दिई रु.१०००।- दस्तुर बुझाई (फिर्ता नहुने गरी) खरीद गर्न सकिनेछ। दरभाउपत्र सम्वन्धी कागजात २०७३ असार १५ गते साझ ३:०० बजेसम्म विक्रीका लागि उपलव्ध हुनेछ।

४.खरीद भएको सिलबन्दी दरभाउपत्र २०७५ असार १६ गते दिउसो ३:०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी कामको : विवरण दरभाउपत्र दाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहछाप गरि यस कार्यालयमा दर्ता गराउनु पर्नेछ।

५.सिलबन्दी दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिने दिनबाट ४५ दिनको हुनुपर्नेछ र सिलबन्दी दरभाउपत्र पत्र साथ कम्तीमा रु.३७,५००।- (अक्षेरुपी सैतिस हजार पाचसयमात्र ) बरावरको जमानत वापत नगद जमानि वा सो रकम बरावर सिलबन्दी दरभाउपत्र खोलिने मितिमा कम्तीमा ४५ दिन २०७५ भाद्र ०१ सम्म म्याद भएको नेपालको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ।

६.यदि दरभाउपत्र दाताले नगद जमानि राख्न चाहेमा सो रकम यस क्याम्पसको खाता रहेको तिनाउ विकास बैंक लिमिटेड शाखा कार्यालय संगमपथ बुटवको खाता नं.००१०००२६८०१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

७.दर्ता भएका सिलबन्दी दरभाउपत्र २०७५ असार १७ गते दिउसो ३:०० बजे सिलबन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। सिलबन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

८.सिलबन्दी दरभाउपत्र खरीद गर्ने दाखिल गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजानिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सहि समयमा हुनेछ।

९.सिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता गर्दा कूल ठेक्का अंकको ५ प्रतिशत ले हुने रकम बरावरको नगद जमानि वा घटीमा १ वर्ष म्याद भएको नेपालको कुनै वाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको कार्यसम्पादन जमानिपत्र (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ।

१०.सिलबन्दी दरभाउपत्र तयार गर्न वा बुझाउदा लाग्ने कुनै खर्च सिद्धार्थ गौतम बुद्ध क्याम्पसले व्यहोर्ने छैन।

११.सिलबन्दी दरभाउपत्र पुरै वा आंशिक स्वीकार्ने वा बदरगर्ने सम्पुर्ण अधिकार सिद्धार्थ गौतम बुद्ध क्याम्पस निहित रहनेछ।

१२.एक फर्मको नाममा खरीद गरिएको सिलबन्दी दरभाउपत्र फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिल गर्न पाइने छैन।

१३.यस सुचनामा उल्लेख नभएका विषयमा सार्वजानिक खरिद ऐन.२०६३ र नियमवाली २०६४ र (संशोधन ऐन २०६८) बमोजिम हुनेछ।